F.N. 006

# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

धरान, नेपाल

# B. P. Koirala Institute of Health Sciences

Dharan, Nepal

Ref. No. सूचना १३/०७७/०७८ मिति: २०७७/०४/१८

## प्रेश विज्ञप्ति

विभिन्न अनलाईनमा प्रकाशित कोभिड अस्पताल प्रमुख प्रा.डा. कृष्ण पोखरेलले दिएको राजिनामाको समाचार प्रति यस प्रतिष्ठानको ध्यानाकर्षण भएको छ । कोभिड अस्पताल प्रमुख प्रा.डा. कृष्ण पोखरेलले राजीनामा दिएको कुरा सत्य रहेता पनि उपकुलपतिद्वारा अनावश्यक खरिदमा दवाव दिएको भनि लेखिएको समाचारमा कुनै सत्यता नभएको र सो कुराको खण्डन यसै पत्रका साथ गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

प्रतिष्ठानमा औषधि खरिद गर्ने अधिकार रजिष्ट्रार र अस्पताल निर्देशकको हुने यथार्थलाई नजरअन्दाज गरेर एकपक्षीय रुपमा लेखिने यस्ता समाचारका कारण प्रतिष्ठान र सम्मानित त्यस संचार माध्यमबिचको सुमधुर सम्बन्धमा दरार पैदा हुन सक्ने परिस्थितिलाई अवश्यनै मनन गर्नु नै हुनेछ भन्ने जानकारी गराउन चाहन्छु ।

साथै विभिन्न समाचार माध्यममा स्टाफ नर्सहरुको चयन प्रकृयालाई लिएर विभिन्न जिज्ञासा र समाचाहरु प्रकाशित भएको परिपेक्षमा यस महामारीसंग जुध्नलाई दक्ष जनशक्तिको आवश्यक पर्ने भएकोले स्टाफ नर्सहरु यथाशिघ्र लिनु पर्ने भएको हुँदा अन्तर्वार्ता मार्फत उपकुलपति, रेक्टर, रजिष्ट्रार, अस्पताल निर्देशक, कलेज अफ नर्सिङ्ग चिफ तथा मेट्रोन सम्मिलित ६ सदस्यिय टोलिले अन्तर्वार्ता लिइ प्रकृया अगाडि बढाएको जानकारी गराउदछु । अन्तर्वार्ता सम्बन्धित फोटो पनि यसै विज्ञप्तिमा समावेश गरेकोछु ।

डा. निरेन्द्र थापकोटा
प्रवक्ता
सूचना तथा सन्चार केन्द्र
वी.पी. कोइराला स्वास्थ्य
विज्ञान प्रतिष्ठान

*Head Office, Dharan : 977-25-525555, 977-25-521017 ; Fax: 977-25-520251 ; E-mail: bpkihs@bpkihs.edu*
*Kathmandu Office : 01-4372263, P. O. Box 7053, Kathmandu ; url: www.bpkihs.edu*

